नेपाल सरकार
शिक्षक सेवा आयोग

## माध्यमिक तहको अध्यापन अनुमतिपत्रको विज्ञापन- २०७९/८०

(प्रथम पटक प्रकाशित मितिः २०८०।०१।३१ गते)

शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम ९ को उपनियम (१) को खण्ड (ग) वा नियम ९ को उपनियम (७) बमोजिम तोकिएको न्यूनतम योग्यता र तालिम पुगेका इच्छुक ब्यक्तिहरूले आयोगको आधिकारिक अनलाइन दरखास्त प्रणाली https://license.tsc.gov.np/ मार्फत अनलाइन दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो विज्ञापन प्रकाशित गरिएको छ ।अनलाइन दरखास्तमा आवेदन गर्दा व्यक्तिगत विवरण एवम् पेस गरेका कागजातहरु राजश्व दस्तुर बुझाइ सकेपछि परिमार्जन/संशोधन तथा थपघट गर्न नसकिने व्यहोरा सूचित गरिएको छ । व्यक्तिगत विवरण र पेस गर्नुपर्ने कागजातहरु सुनिश्चित गरेर मात्र अनलाइन दरखास्त दिनुहुन तथा पछि फरक परेमा वा पर्न गएमा व्यक्ति स्वयम् जवाफदेही र उत्तरदायी हुनुका साथै सो सम्बन्धमा आयोगबाट कुनै पनि कारवाही हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

१. **विज्ञापन नम्बरः** ३९/०७९/८०

२. **परीक्षाको किसिमः** लिखित परीक्षा

३. **दरखास्त दस्तुरः** रु. १०००/-

४. **दरखास्त दिने अन्तिम मितिः** २०८० जेठ २९ गते ।

५. **दोब्बर दस्तुर बुझाई दरखास्त दिने मितिः** २०८० असार ४ गतेसम्म ।

६. **उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भएको ।

७. **दरखास्तको माध्यमः** विज्ञापन भएको तहमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त दिनुपर्नेछ । आयोगको आधिकारिक वेबसाइट https://license.tsc.gov.np/मा Click गरी अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि सम्बन्धी विस्तृत जानकारी आयोगको **Website (add: user manual Link)** मा हेर्न सकिनेछ ।

८. **परीक्षा सञ्चालन हुने मिति र समयः** २०८०/०५/२३ गते बिहान ११:०० बजे ।

९. **परीक्षा केन्द्रः** सम्बन्धित प्रदेश अन्तर्गतका जिल्लाहरु । अन्य विस्तृत जानकारी आयोगको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

१०. **दरखास्त दस्तुर बुझाउने बैंक र विधिः** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फाराम **submit** गर्नुपर्नेछ । फाराम submit गर्नुपूर्व आफूले भरेको विवरण छुटेको वा कुनै कागजात समावेश हुन छुट भएको त छैन ? एक पटक यकिन गर्ने । यकिन गरिसकेपछि दरखास्त पेस गरेको विवरणमा Click गर्ने । दरखास्त दस्तुर भुक्तानी भएपछि निवेदकको कुनै पनि विवरण परिवर्तन गर्न नसकिने हुँदा सोही अनुसार विवरण यकिन गर्ने । त्यसपछि आफूले **Apply** गरेको विज्ञापनमा दस्तुर बुझाउन यहाँ क्लिक गर्नुहोस मा **Click** गर्ने | बैंक **Option** मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेडमध्ये कुनै एक **Option** छनोट गर्ने । बैंक छनोट गरिसकेपछि भौचर प्राप्त गर्नुहोस मा **Click** गर्ने | त्यसपछि भौचर प्रिन्ट गरी सोही भौचरसहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ । **Online payment** गर्नेको हकमा भौचर जेनरेट भएपछि त्यस **Page** मा अनलाइन भुक्तनी गर्नुहोस मा **Click** गर्ने । त्यसपछि **online voucher generate** हुन्छ जसमा रकम भुक्तानी गर्ने विकल्पहरु मध्ये त्यहाँ भएका कुनै एक विकल्प छनोट गरी **Click** गर्ने । तत्पश्चात रकम भुक्तानी गर्नुहोस मा **Click** गर्ने । छनोट गरिएको विकल्पमा **Username and password** हाली **Online Payment** मा आफ्नो नाम सहितको विवरण मिलेमा तोकिएको रकम सिङ्गल र दोब्बर दस्तुरको लागि तोकिएको मितिभित्र अनिवार्य रुपमा दाखिला गर्ने । रकम दाखिला भए नभएको यकिन गरी रकम दाखिला (**Payment**) को सत्यापन भएपछि मात्र आफ्नो निवेदन दाखिला भयो

शाखा अधिकृत

भनि सुनिश्चित हुने । प्रवेशपत्र हेर्न र प्रिन्ट गर्नका लागि दरखास्त दिने म्याद समाप्त भएपछि आयोगले सूचना प्रकाशन गर्नेछ । यसका लागि **आफ्नो इमेल, उम्मेदवार सङ्केत नम्बर र पासवर्ड सुरक्षित** साथ राख्ने ।

**११. दरखास्त दस्तुर बुझाउने अवधि:** दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट अघिल्लो दिनसम्म प्रिन्ट गरेको भौचर बैंकिङ्ग कारोवार हुने समयभित्र र दोब्बर दस्तुर तिरी दरखास्त पेस गर्नेको हकमा सो को अन्तिम दिनको भोलिपल्ट अघिल्लो दिनसम्म प्रिन्ट गरेको भौचरमा उल्लिखित दस्तुर बैंकिङ्ग कारोवार हुने समयभित्र अनिवार्य रुपमा बुझाई सक्नुपर्नेछ । तर सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन बुझाउन सकिनेछ ।

**१२. आवश्यक न्यूनतम योग्यता:**

(क) नेपाली नागरिक ।

(ख) शिक्षक सेवा आयोग नियमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र सङ्कायबाट स्नातक तह उत्तीर्ण गरेको वा अन्य सङ्कायबाट स्नातक तह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

**तर विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन र बाली विज्ञान विषयबाट स्नातक तह उत्तीर्ण गरेकाको हकमा तालिम नलिए पनि यस विज्ञापनका लागि दरखास्त दिन पाइनेछ ।**

(घ) तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो योग्यता भएका व्यक्तिहरूले समेत दरखास्त दिन सक्नेछन् ।

**१३. अपलोड गर्नुपर्ने कागजातहरु:-** नागरिकताको प्रमाणपत्र, हालसालै खिचेको फोटो, दस्तखत नमुना, न्यूनतम योग्यताको लब्धाङ्कपत्र, तालिमको प्रमाणपत्र र समकक्षता प्रमाणपत्र (बिदेशी शिक्षण संस्थाबाट अध्ययन गरेकाको हकमा) Scan गरी अनलाइन दरखास्त प्रणालीले निर्दिष्ट गरेको स्थानमा jpeg/jpg format (**बढीमा 200 KB**) मा upload गर्नुपर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरण र पेस गरिएका कागजातका सम्बन्धमा उम्मेदवार स्वयम् नै पूर्ण जवाफदेही हुनु पर्नेछ र उल्लेखित विवरण एवम् कागजात झुट्टा ठहरेमा त्यस्तो दरखास्त वा अध्यापन अनुमतिपत्र जुनसुकै समयमा पनि रद्द हुनेछ ।

**१४. विज्ञापन सम्बन्धी थप जानकारी:-**

(क) लिखित परीक्षा एकै दिन एकै समयमा हुने भएकोले जुन प्रदेशबाट परीक्षामा सहभागी हुन चाहेको हो सोही प्रदेश छनोट गर्नुपर्ने छ । तर एक ब्यक्तिले एक प्रदेशभन्दा बढी प्रदेशमा दरखास्त दिन पाइने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेस नभएको वा न्यूनतम योग्यता नपुगको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको लगायत रित नपुगेको वा कुनै शर्त राखी पेस गरिएको दरखास्त माथि कुनै कारवाही गरिने छैन ।

(ग) दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन ।

(घ) कुनै व्यक्तिले झुट्टा विवरण (कागजात) पेस गरेको जानकारी हुन आएमा त्यस्तो व्यक्तिको दरखास्त जुनसुकै बखत रद्द गरी प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ ।

(ङ) अपाङ्गता भएको कारण आफैले लेख्न नसक्ने (दृष्टिविहीन, 'ग' वर्गको न्यून दृष्टि र दुबै हात नचल्ने) व्यक्तिले सहयोगी लेखक माग गर्दा तोकिएको न्यूनतम योग्यताभन्दा कम्तीमा एक तह मुनीको योग्यता भएको (शिक्षा विषय लिएर प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण नगरेको) व्यक्तिलाई सहयोगी लेखकको रूपमा राख्नको लागि स्थायी बसोबास भएको जिल्ला वा परीक्षा केन्द्र रहेको जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइले अनुमति दिन सक्नेछ । यस्तो सहयोगी लेखकले तोकिएको तह एक वर्ष अगाडि मात्र उत्तीर्ण गरेको हुनुपर्नेछ।

(च) आयोगको वेबसाइट **www.tsc.gov.np/डाउनलोड मा Click गरी पाठ्यक्रम** प्राप्त गर्न सकिनेछ ।

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

शाखा अधिकृत